# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
योजना शाखा

मितिः२०७६/०९/११

प.सं. योजना : २०७६/०७७
च. नं. : 2809
श्री वडा कार्यालय सबै, (१-१९)
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली ।

**विषयः योजना सम्झौता गर्ने बारे पुनः ताकेता गरिएको।**

प्रस्तुत विषयमा यस धनगढी उप-महानगरपालिका बाट चालु आ.व. २०७६/०७७ मा वडा स्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने वडा स्तरीय पूर्वाधार तर्फका योजनाको कार्यान्वयनका लागि गठित भएका उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने ब्योहोराको सिफारिसपत्र सिफारिस भई आउँदा ***उपभोक्ता समिति गठन, परिचालन, तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिम पुरा गर्नुपर्ने दायित्व, रीत एवं प्रकिया पुर्याई आउन नसकेको, उपभोक्ता समितिका पदाधिकारीहरु अलमलमा परेको जस्तो देखिएकोले निजहरुले सम्झौताको लागि पुरा गर्नुपर्ने आवस्यक कागजात ***"सेवा प्रवेसबिन्दु"*** वडा कार्यालयमै चेकजाँच गरि ***"सेवा प्रवाहमा सहजता, गुणस्तरियता र एकरुपता"*** प्रदान गरिदिन अनुरोध गरिन्छ । साथै, उपभोक्ता समितिले सिफारिसका लागि माग निवेदन पेश गर्दा तपशील बमोजिमका कागजातहरु अनिवार्य रुपमा वडा कार्यालयमै चेकजाँच गरि एक प्रति सिफारिस निवेदनका साथ संग्लन गरि पठाईदिन हुन जानकारी गरिन्छ।

पुनश्च; यस अघि बारम्बार योजना सम्झौता गर्न आउने ब्योहोराको पत्र सम्बन्धित पक्षलाई जानकारी गराउँदा समेत हालसम्म पनि अपेक्षा/लक्ष्य अनुरुप योजना सम्झौता हुन नसकेको हुँदा यहि ***मिति २०७६ पौष मसान्त*** भित्र यस कार्यालयमा आएर योजना सम्झौता गरिसक्न हुन सम्पुर्ण उपभोक्ता समितिका पदाधिकारीलाई पुनश्चः ताकेता गरिएको छ। साथै, उक्त कार्यका लागि सहकार्य, समन्वय र सहजीकरण गरिदिन हुन सबै वडा कार्यालयका जनप्रतिनिधि, वडा-अध्यक्ष, वडा-सचिब र सम्बन्धित वडा हेर्ने वडा प्राविधिक लगाएत अन्य सरोकारवाला पधाधिकारी लाई विशेष अनुरोध छ।

2076/09/11
सत्यराज जोशी
योजना शाखा प्रमुख
सत्य राज जोशी
योजना अधिकृत

**तपशिलः**

**१. वडा अधक्ष्य वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहबरमा आमभेला बाट गठित उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि**

**२. उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्वेवार पदाधिकारी ताकिएको उपभोक्ता समितिको निर्णय**

**३. उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि**

**४. योजनाको लागत अनुमान (Cost Estimation): सम्बन्धित वडा हेर्ने प्राविधिकसँग सम्पर्क गर्ने।**

**५. अन्य काम कारवाही र प्रक्रिया प्रचलित कानून तथा उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४ बमोजीम गरिएको हुनुपर्ने।**

**बोधार्थः श्री सुचना प्रबिधि शाखा :** पत्रलाई सम्पूर्ण वडा कार्यालयहरुमा **Email** गर्न हुन। साथै, **Website** मा सुचना upload गर्न हुन।

Scanned by CamScanner